नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा

☏ ०७५ { ५२०१२३ ५२०१२४ ५२०१२५

च.नं.
प.स. २०८२/०८३

Email: daopalpa@gmail.com
Website: http://daopalpa.moha.gov.np
Facebook Page : www.facebook.com/dao.palpa.184

मिति : २०८२/६/१२
११४५ कौलाथ्वः ६, आइतबार

## जिल्ला प्रशासन कार्यालय, पाल्पाको जरुरी सूचना

नेपालीहरुको महान पर्व बिजयादशमी, शुभ दीपावली, नेपाल सम्वत, छठपर्वको अवसरमा सम्पूर्ण जिल्लाबासी आमाबुवा, दाजुभाई, दिदीबहिनी तथा देश विदेशमा रहनुहुने सबैमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य, दिर्घायु तथा प्रगतिको मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

परम्पराअनुसार सामाजिक एवम् साँस्कृतिक पहिचान कायम हुने गरी कानूनको परिधिभित्र रही चाडपर्व मनाउनु हुन सबैमा अनुरोध छ । कसैको इच्छा विपरीत कार्य गर्ने प्रवृत्तिलाई नियन्त्रण गरी एकआपसमा आत्मीयता र संस्कृतिको संरक्षण हुने गरी अरुको धर्म संस्कृति र परम्पराप्रति ठेस नपुग्ने गरी आ-आफ्नो कर्तव्य र जिम्मेवारी प्रति सजक रही सम्बद्ध निकायहरुले समेत निम्नानुसार गर्नु /गराउनु हुन अनुरोध गरिन्छ ।

१. अत्यावश्यक वस्तुहरुमा कृत्रिम अभाव सृजना गर्ने, कालोबजारी, मुल्यवृद्धि, म्याद नाघेका वस्तु बिक्री वितरण गर्ने लगायतका उपभोक्ता हित विपरितका कार्यहरु नगर्ने/नगराउने ।
२. धार्मिक, जातीय वा सामाजिक सद्भावमा असर पुग्ने कुनै कार्य नगर्ने / नगराउने ।
३. सार्वजनिक स्थलहरुमा मादक पदार्थ सेवन तथा होहल्ला नगर्ने, मादक पदार्थ सेवन गरी सवारी नचलाउने, लामो तथा छोटो दूरीका भाडाका सवारी साधनमा क्षमताभन्दा बढी यात्रु नबोक्ने, तोकिएको भाडादर भन्दा बढी भाडा नलिने ।
४. स-परिवार घर छोडी बाहिर जानुपर्ने अवस्थामा घरको सुरक्षाको पर्याप्त व्वस्था मिलाउनुहुन तथा यात्राको क्रममा बहुमुल्य गरगहना प्रयोग गर्दा सावधानी अपनाउनु हुन ।
५. देउसी, भैलो लगायत विभिन्न कार्यक्रमहरु संचालन गर्दा जनजीवन एवम् आवतजावतलाई असर नपर्ने गरी मर्यादित एवम् अनुशासित रुपमा रातको १०:०० बजेसम्म मात्र सन्चालन गर्नु/गराउनु हुन ।

यदि कोही कसैले माथि उल्लेखित सूचनाको अवज्ञा गरी कुनै गतिविधि तथा क्रियाकलाप गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरिने समेत सूचित गरिन्छ ।

२०८२/६/१२
..........................
बिनु बज्राचार्य कुँवर
प्रमुख जिल्ला अधिकारी